नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. कोभिड-१९ संक्रमणको अवस्थालाई दृष्टिगत गरी सोको रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८/१०/२३ को बैठकले गरेका सिफारिसहरू आवश्यक कार्यान्वयनका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १६७९, मिति २०७८/१०/२३ को पत्रबाट लेखि आएको सन्दर्भमा जिल्लाभित्र देहायअनुसार गर्ने, गराउने ।

**निम्न:**

क. डान्स बार, दोहोरी, नाचघर, पब, क्लब लगायतका रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्नेगरी संवत् २०७८ साल फागुन १ गतेबाट राती १० बजेमा नबढ्ने गरी सञ्चालन गर्न सकिने ।

ख. विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरू जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी संवत् २०७८ साल फागुन १ गतेबाट सञ्चालन गर्ने । तर विद्यालय सञ्चालन गर्दा १२ वर्ष पूरा भएका विद्यार्थीका हकमा नियमित रूपमा तथा १२ वर्ष पूरा नभएका विद्यार्थीका हकमा आलोपालो दिनमा कक्षा सञ्चालन गर्ने व्यवस्था शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र स्थानीय तहहरूले मिलाउने ।

ग. पार्टी प्यालेसहरू जनस्वास्थ्यका मापदण्डहरू पालना गर्दै एक पटकमा कूल क्षमताको बढीमा ५० प्रतिशत वा १०० जनामा नबढ्ने गरी सञ्चालन गर्न सकिने ।

घ. खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कूल दर्शक क्षमताको ५० प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड परिपालना गरी संवत् २०७८ साल फागुन १ गतेदेखि सञ्चालन गर्न सकिने ।

ङ. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी एक पटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न, गराउन सकिने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी